# राष्ट्रिय स्वास्थ्य बीमासम्बन्धी महत्त्वपूर्ण सूचना

1 अघिल्लो वर्षको तलब जस्ता आम्दानी अनुसार बीमा प्रिमियम निर्धारण हुन्छ। निर्धारण गरिएको बीमा प्रिमियम अनिवार्य रूपमा भुक्तानी नगरीकन हुँदैन।

(उदाहरण) ※सम्पूर्ण 39 वर्ष वा सोभन्दा कम उमेरका नागरिकहरूको खण्डमा

अघिल्लो वर्षको आम्दानी 0 येन・・・वार्षिक बीमा प्रिमियम लगभग 16,000 येन (अप्रिल～अर्को वर्षको मार्च)

अघिल्लो वर्षको आम्दानी 1,200,000 येन・・・वार्षिक बीमा प्रिमियम लगभग 47,000 येन

अघिल्लो वर्षको आम्दानी 1,600,000 येन・・・वार्षिक बीमा प्रिमियम लगभग 110,000 येन

जापानमा आएको वर्षको बीमा प्रिमियम कम भए पनि काम गरेर तलब आदि आम्दानी भयो भने अर्को आर्थिक वर्षको बीमा प्रिमियम महँगो हुन्छ। निवासी कर पनि यस्तै हुन्छ। जापानमा आएको वर्षदेखि नै अर्को आर्थिक वर्षको बीमा प्रिमियम भुक्तानी गर्न सक्ने गरी तयारी गरिराखौं।

2 सामान्यतया बीमा प्रिमियम स्वचालित बैंक स्थानान्तर (बैंक ट्रान्सफर) गरिन्छ।

भुक्तानी गर्न नबिर्सनको लागि, तलब आदि भुक्तानी गरिने बैंकको खाता दर्ता गर्नुहोस्। बीमा प्रिमियम महिनाको अन्त्यमा तपाईंको खाताबाट निकालिनेछ।

3 भुक्तानी म्यादसम्ममा बीमा प्रिमियम भुक्तानी गरेन भने तपाईंलाई बेफाइदा हुन्छ।

① तलब र बैंकको खातामा भएको रकम आदि छानविन आदि वा जफत गरिनेछ ② तपाईंको कार्यालयको कार्यभार बढ्नेछ (शहर कार्यालयले छानविन गर्दा सोध्ने प्रश्नहरूको जवाफ दिनुपर्नेछ र जफत कार्यमा सहयोग गर्नुपर्ने कानूनी दायित्व निभाउनुपर्नेछ)। ③ अस्पताल आदिमा भुक्तानी गर्नुपर्ने चिकित्सा खर्च 100% आफैले बेहोर्नुपर्नेछ (निश्चित समयको लागि सम्पूर्ण चिकित्सा खर्च आफैले भुक्तानी गर्नुपर्नेछ)। ④ बीमा कार्डको प्रयोग म्याद छोटो हुनेछ। ⑤ बसोबास योग्यता परिवर्तन वा बसोबास योग्यता नवीकरण अस्वीकृत हुन सक्नेछ।

※बसोबास योग्यता परिवर्तन वा नवीकरण गर्दा बीमा प्रिमियम भुक्तानी रकम प्रमाणपत्र आवश्यक पर्न सक्छ।

4 हाल काम नभएको व्यक्ति र न्यून आम्दानी (तलब आदि) भएको व्यक्तिले पनि अनिवार्य रूपमा आयकर रिपोर्ट दायर गर्नुहोस्।

रिपोर्ट दायर गरेन भने, तपाईंको अघिल्लो वर्षको आम्दानी निर्धारित मानक भन्दा कम भएको भए तापनि बीमा प्रिमियम कम नहुने र उच्च चिकित्सा खर्चको तपाईंले बेहोर्नुपर्ने सीमा रकम उच्च वर्गमा निर्धारण गरिन (सीमा रकम उच्च हुन) सक्छ।

◎ कार्यालयको बीमा आदिमा आबद्ध भएमा तपाईं आफैले राष्ट्रिय स्वास्थ्य बीमा छोड्ने प्रक्रिया गर्नुहोस्।

≪ राष्ट्रिय स्वास्थ्य बीमाबारे अझ विस्तृत जानकारीको लागि तलको होमपेज हेर्नुहोस् ↓ ≫

तोसिमा शहरको होमपेज

राष्ट्रिय स्वास्थ्य बीमाबारे थाहा नभएको कुरा भएमा सम्पर्क गर्नुहोस्।

सम्पर्क राष्ट्रिय स्वास्थ्य बीमा शाखा योग्यता तथा बीमा प्रिमियम समूह ☎03−4566−2377